कार्यपालिकाबाट स्वीकृत मिति : २०८२।८।१७
प्रमाणीकरण मिति : २०८२।८।१७

"कृषि, पर्यटन र सामाजिक पूर्वाधार, समृद्ध चाँगुनारायणको मूल आधार"

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# बचत खाता छोरा छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२

चाँगुनारायण नगरपालिका-२०७३, भक्तपुर
Changunarayan Municipality-2073, Bhaktapur

## चाँगुनारायण नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
खरिपाटी, भक्तपुर।

जीवन खत्री
नगर प्रमुख

# चाँगुनारायण नगरपालिकाको बचत खाता छोरा छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः**

चाँगुनारायण नगरपालिका भित्र स्थायी वसोबास गर्ने सामुदायिक विद्यालयहरुमा अध्ययनरत छोरा छोरीहरुको शिक्षामा पहुँच अभिवृद्धि गर्न, गुणस्तरीय शिक्षा प्राप्त गर्न, बिचैमा पढाई छाड्ने (Drop-out) हुने प्रवृत्ति निरुत्साहन गर्न, बालविवाह निरुत्साहन गरी अन्त्य गर्न, छोरा छोरीहरुको आर्थिकसामाजिक सुरक्षा गरी सुरक्षित भविष्य निर्माणमा सहयोग पुर्‍याउनको लागि कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले चाँगुनारायण नगरपालिकाको सत्रौं नगरसभाबाट पारित नीति तथा कार्यक्रम अनुसार स्वीकृत बचत खाता छोरा छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रमलाई कार्यान्वयन गर्न कार्यविधि आवश्यक भएकोले **"बचत खाता छोरा छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२"** जारी गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **सक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम **"बचत खाता छोरा छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२"** रहेको छ ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भई चाँगुनारायण नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

## परिच्छेद - २
## प्रारम्भिक

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "नगरपालिका" भन्नाले चाँगुनारायण नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) "प्रमुख" भन्नाले चाँगुनारायण नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(ग) "संचालक समिति" भन्नाले **"बचत खाता छोरा छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२"** संचालक समितिलाई सम्झनु पर्दछ ।

जीवन खत्री
नगर प्रमुख

(घ) "अभिभावक" भन्नाले कार्यक्रममा सहभागी भएका छोरा छोरीको बाबु र आमा दुबैलाई सम्झनु पर्छ र सो शब्दले धर्मबाबु वा धर्मआमा वा छोरा छोरीको पालन पोषण गर्ने एकाघरको मुख्य व्यक्ति समेतलाई जनाउँदछ ।

(ङ) "संरक्षक" भन्नाले अभिभावक विहीन छोरा छोरीको पालन पोषण तथा संरक्षण गर्ने उद्देश्यले कानून बमोजिम संचालित अनाथालय वा वैकल्पिक स्याहार दिने संस्थाका प्रमुखलाई सम्झनु पर्छ र सो शब्दले व्यक्ति संरक्षक भएकोमा त्यस्ता व्यक्ति समेतलाई जनाउँनेछ ।

(च) "लक्षित वर्ग" भन्नाले आ.व. २०८२/०८३ देखि चाँगुनारायण नगरपालिकाका सामुदायिक विद्यालयहरुमा कक्षा १ (एक) देखि १२ (वाह) सम्म अध्ययनरत कार्यक्रममा सहभागी हुन चाहने नगरपालिकाका स्थायी बासिन्दा छोरा छोरीहरुलाई लक्षित वर्ग सम्झनु पर्छ ।

(छ) "कार्यालय" भन्नाले चाँगुनारायण नगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ज) "खातावाला" भन्नाले बचत खाता छोरा छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रम अन्तर्गत खाता खोलिएका छोरा छोरीलाई सम्झनु पर्छ ।

(झ) "सम्झौता" भन्नाले चाँगुनारायण नगरपालिका र सेवा प्रदायक संस्था बीच भएको सम्झौतालाई सम्झनु पर्छ ।

(ञ) "सेवा प्रदायक संस्था" भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गरी सञ्चालनमा आएको वाणिज्य बैंकलाई सम्झनु पर्छ ।

(ट) "माध्यमिक तह" भन्नाले सामुदायिक स्तरमा संचालित कक्षा — १२ सम्म सञ्चालित विद्यालयलाई सम्झनु पर्छ ।

## परिच्छेद - ३

## बचत खाता छोरा छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रम संचालक समिति

३. **संचालक समितिको गठनः** चाँगुनारायण नगरपालिकाको बचत खाता छोरा छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिम सञ्चालक समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) | प्रमुख, चाँगुनारायण नगरपालिका | अध्यक्ष |
| (ख) | उपप्रमुख, चाँगुनारायण नगरपालिका | सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत, चाँगुनारायण नगरपालका | सदस्य |
| (घ) | कानुनविद् तथा शिक्षाविद्बाट नगर प्रमुखले मनोनित गरेका १ जना महिला सहित २ जना | सदस्य |
| (ङ) | सामाजिक विकास समितिको संयोजक | सदस्य |
| (च) | शिक्षा, युवा तथा खेलकुद विकास शाखा प्रमुख, चाँगुनारायण नगरपालिका | सदस्य-सचिव |

आवश्यकता अनुसार अन्य पदाधिकारी, विषय विज्ञ तथा कर्मचारीहरुलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

जीवन खत्री
नगर प्रमुख

चाँगुनारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
छाँगुनारायण, भक्तपुर
बागमती प्रदेश, नेपाल

## परिच्छेद - ४
## सञ्चालक समितिको काम, कर्तव्य र अधिकार

४. **संचालक समितिको काम, कर्तव्य र अधिकारः** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नगरपालिकाको बचत खाता छोरा छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न आवश्यक नीति, रणनीति कार्यक्रम तर्जुमा गरी बजेटका लागि कार्यपालिका बैठकमा पेश गर्ने।

(ख) नगरपालिकाका स्थायी बासिन्दा छोरा छोरीहरुको कम्तिमा माध्यमिक तहको अध्ययन पुरा गर्ने वातावरणलाई सुनिश्चित गर्न विशेष कार्यक्रम संचालन गर्न छोरा छोरीहरुको खातामा नगरपालिकाबाट रकम जम्मा हुने गरी अनुदान रकमको व्यवस्था मिलाउने ।

(ग) कार्यक्रममा आवद्ध छोराछोरीहरुको आर्थिक तथा सामाजिक सशक्तिकरणमा जोड दिई उनीहरुको शैक्षिक उन्नयनमा टेवा पुऱ्याई दक्ष जनशक्ति उत्पादनमा सहयोग गर्ने र गुणस्तरीय शिक्षा प्राप्त गर्न सहयोग गर्ने ।

(घ) यस कार्यक्रम अन्तर्गत आवद्ध छोराछोरीहरुको बैंकमा खाता खोल्नका लागि आवश्यक सहयोग गर्ने ।

(ङ) नगरसभाबाट पारित नीति, कार्यक्रम र स्वीकृत बजेट अनुसार बचत खाता छोरा छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रम सञ्चालन गर्ने र आगामी आ.व.का लागि आवश्यक नीति, कार्यक्रम र बजेट प्रस्ताव गर्ने स्वीकृत भए अनुसार कार्यक्रम सञ्चालन गर्ने ।

(च) वर्षमा एक पटक खातावाला छोरा छोरीहरुको भेला आयोजना गर्ने, गुणस्तरीय शिक्षा लगायतका विषयमा अन्तरक्रिया, छलफल, विचार गोष्ठीका साथै बचत खाता छोरा छोरीको सुरक्षा जीवन भरीको कार्यक्रमको प्रभावकारीताको मूल्याङ्कन गरी विचार, विमर्श, समीक्षा लगायतका कार्यक्रमहरु सञ्चालन गर्ने ।

(छ) आवश्यकता अनुसार उपसमिति निर्माण गर्ने र सेवा शर्त स्वीकृत गर्ने ।

## परिच्छेद - ५
## बचत खाता छोरा छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रमको कार्यालयको काम, कर्तव्य र अधिकार

५. बचत खाता छोरा छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रमको कार्यालयको काम, कर्तव्य र अधिकारः

(क) कार्यक्रम आवद्धताका लागि सूचना प्रकाशन गर्ने ।

जीवन खत्री
नगर प्रमुख

(ख) प्रकाशित सूचना अनुसार कार्यक्रममा आवद्ध हुन निवेदन दिन आएका अभिभावक वा संरक्षकलाई अनुसूची-१ बमोजिमको निवेदन ढाँचामा फाराम निःशुल्क वितरण गर्ने र पर्न आएका निवेदन संकलन गरी रुजु गर्ने ।

(ग) अनुसूची-१ बमोजिमका प्राप्त निवेदन फारमका रुजु लगायतका कार्य गरी लाभग्राहीको छनौट गरी सञ्चालक समिति समक्ष पेश गर्ने ।

(घ) स्वीकृत कार्यक्रममा भएको खर्च विवरणको श्रेस्ता लगायत सम्पूर्ण अभिलेख राख्ने कार्यालयमा पेश गर्ने तथा सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्ने ।

(ङ) कार्यक्रम कार्यान्वयन सम्बन्धमा कुनै अस्पष्टता भएमा सञ्चालक समितिको निर्देशानुसार कार्य सम्पादन गर्ने ।

(च) यस कार्यक्रममा आवद्ध छोराछोरीहरुको एकिकृत अभिलेख, सो सम्बन्धी प्रगति प्रतिवेदन शैक्षिक सत्र सकिएको एक महिना भित्र संचालक समितिमा पेश गर्ने ।

(छ) खातावाला छोरा छोरीहरुको अद्यावधिक विवरण तयार गर्ने ।

## परिच्छेद - ६

## बचत खाता छोरा छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रम कार्यान्वयन प्रक्रिया

**६. कार्यक्रममा आवद्ध हुनेः**

(१) सम्वत् २०८२ साल श्रावण १ गतेदेखि नगरपालिकाका सामुदायिक विद्यालयहरुमा कक्षा १ (एक) देखि कक्षा १२ (बाह्र) सम्म अध्ययनरत छोरा छोरीहरुलाई कार्यक्रममा आवद्ध गराउनका लागि निजका अभिभावक वा संरक्षकले जन्मदर्ता सम्बन्धित विद्यालयमा अध्ययनरत रहेको प्रमाणित पत्र र आवश्यक अन्य कागजातहरु संलग्न गरी अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ । सम्बन्धित अभिभावक वा संरक्षकले छोरा छोरीलाई कार्यक्रममा आवद्ध गर्नु कर्तव्य हुनेछ ।

(२) परिच्छेद-६ (१) बमोजिम प्राप्त निवेदन तथा कागजातको जाँचबुझ गरी यस कार्यविधि बमोजिम आवश्यक कागजात र प्रक्रिया पुऱ्याई कार्यक्रम अन्तर्गत खाता खोल्नको लागि कागजात सहित सम्बन्धित अभिभावक वा संरक्षक मार्फत सेवा प्रदायक संस्थामा कार्यालय सचिवालयले अनुसूची-२ बमोजिमको ढाँचामा सिफारिस गरी पठाउनु पर्नेछ ।

(३) परिच्छेद-६ (२) बमोजिम सिफारिस भई आए पश्चात सेवा प्रदायक संस्थाले कार्यक्रम अन्तर्गत नियमानुसार खाता खोली खातावालालाई खाता खुलेको निस्सा जारी गर्नेछ र सोको खाता नम्बर

जीवन खत्री
नगर प्रमुख

सहितको विवरण अनिवार्य रुपमा चाँगुनारायण नगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

**७. नगरपालिकाले रकम उपलब्ध गराउने तथा रकम खातामा जम्मा हुने:**

(१) नगरपालिकाका सामुदायिक विद्यालयहरुमा कक्षा १ (एक) देखि १२ (बाह्र) सम्म अध्ययनरत छोरा छोरीहरुलाई कार्यक्रम अन्तर्गत चाँगुनारायण नगरपालिकाले निज छोरा छोरीको सम्बन्धित खातामा अधिकतम् १२ वर्षसम्म हरेक वर्षको शैक्षिक सत्र भित्र वार्षिक रुपमा रु. ४,०००/- (चार हजार मात्र) का दरले रकम उपलब्ध गराउनेछ ।

(२) परिच्छेद-६ को दफा ७ (१) बमोजिमको रकम खातावालाको बैंक खातामा जम्मा हुने गरी नगरपालिकाले सम्बन्धित सेवा प्रदायक संस्थालाई उपलब्ध गराउनेछ । यस्तो रकम नगरपालिकाले हरेक वर्ष पारित गरेको नीति, कार्यक्रमम र बजेटका आधारमा आ.व. सुरु हुने पहिलो महिना श्रावण १५ गते भित्र बचत खाता छोरा छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रमको नाममा सम्झौता भएको सेवा प्रदायक संस्थामा खातावालाहरुको खातामा वार्षिक रुपमा जम्मा गर्ने व्यवस्था मिलाइनेछ ।

(३) यस कार्यविधि बमोजिम खोलिएको बैंक खातामा सम्बन्धित खातावाला वा निजका अभिभावक वा संरक्षकले आफ्नो तर्फबाट समेत रकम जम्मा गर्न सक्नेछन् । यसी आफ्नो तर्फबाट छोरा छोरीको अभिभावक वा संरक्षकले खातामा थप रकम जम्मा गरी प्रमाण पेश गरेमा संचालक समितिको निर्णय अनुसार विशेष प्रोत्साहन गरिनेछ ।

(४) देहायको अवस्थामा परिच्छेद-६ को दफा ७ (१) र (२) बमोजिमको रकम खातावालालाई उपलब्ध गराइने छैन।

(क) कार्यक्रममा सहभागी छोरा छोरीले माध्यमिक तह कक्षा १२ (बाह्र) उत्तीर्ण नगरेमा,

(ख) अध्ययन बीचैमा छोडेमा,

(ग) उमेर २० (बीस) वर्ष नपुग्दै विवाह गरेको अवस्थामा,

(५) परिच्छेद-६ को दफा ७ (४) अनुसारको अवस्था भएमा त्यस्तो जानकारी नगरपालिकालाई दिनु सम्बन्धित खातावाला वा अभिभावक वा संरक्षक, खातावालाको सम्बन्धित वडा कार्यालय र विद्यालयको कर्तव्य हुनेछ । नगरपालिकामा यसरी जानकारी प्राप्त हुन आएमा वा अन्य स्रोतबाट प्राप्त जानकारीको आधारमा समेत अभिलेख अद्यावधिक गर्ने कार्य नगरपालिकाले गर्नेछ ।

**८. खातावालाले पाउने सेवा सुविधा सम्बन्धी व्यवस्था:**

(१) कार्यक्रम अन्तर्गत खातावालाले पाउने सेवा सुविधा नगरपालिका र सेवा प्रदायक संस्थाबीचको सम्झौता बमोजिम हुनेछ ।

(२) सेवा प्रदायक संस्थाले परिच्छेद-६ को दफा ८ (१) बमोजिमको सम्झौता अनुसार खातावालाले पाउने व्याज तथा अन्य नगद सुविधाहरु सम्बन्धित खातावालाको खातामा नै जम्मा गर्नु पर्नेछ ।

जीवन खत्री
नगर प्रमुख

चौतारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय खरिपाटी, भक्तपुर बागमती प्रदेश, नेपाल

(३) सम्झौता बमोजिम खातावालालाई नगद बाहेकका जिन्सी सामग्री वा अन्य सुविधाहरु उपलब्ध गराउनु पर्ने अवस्थामा सेवा प्रदायक संस्थाले नगरपालिकासँग सहमतिमा निश्चित विधि अपनाई त्यस्ता सुविधाहरु उपलब्ध गराउन सक्नेछ ।

९. **खातामा जम्मा भएको रकम भुक्तानी सम्बन्धी व्यवस्थाः**

(१) खातामा जम्मा भएको रकम भुक्तानीको लागि खातावालाले बीस वर्ष पुरा भएको र माध्यमिक शिक्षा उत्तीर्ण गरेको प्रमाण सहितको निवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ । यस्तो निवेदन प्राप्त भएपछि नगरपालिकाले रकम भुक्तानीका लागि सेवा प्रदायक संस्थालाई सिफारिस गर्नेछ । नगरपालिकाबाट प्राप्त सिफारिसको आधारमा मात्र सेवा प्रदायक संस्थाले खातावालाको खातामा जम्मा भएको रकम तथा नियमानुसार प्राप्त हुने व्याज र अन्य रकम सुविधा एकमुष्ट रुपमा सम्बन्धित खातावालालाई भुक्तानी गर्नेछ ।

(२) यस कार्यक्रममा आवद्ध खातावालाको खातामा परिच्छेद-६ को दफा ७ (४) को (बुँदा नं. क, ख र ग) अनुसारको अवस्थामा समेत रकम जम्मा भएको रहेछ भने त्यस्तो रकम निजालाई भुक्तानी दिइने छैन ।यस किसिमको रकम नगरपालिकाको सञ्चित कोष खातामा फिर्ता ल्याउने व्यवस्था गरिनेछ।

(३) नगरपालिकाले परिच्छेद-६ को दफा ९ (१) र (२) बमोजिमको व्यहोरा आफ्नो अभिलेखमा जनाइ सो को जानकारी सेवा प्रदायक संस्थालाई समेत दिनु पर्नेछ । यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि निम्न कुरामा देहाय बमोजिम हुनेछः

(क) खातावाला छोरा छोरीले कक्षा १२ (बाह्र) उत्तीर्ण नगरेको अवस्थामा खातावालको सम्पूर्ण रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा हुनेछ ।

(ख) खातावाला असाध्य वा कडा रोग लागेको वा गम्भीर प्रकृतिको अपाङ्गता भएको भनी सरकारी अस्पतालबाट प्रमाणित भई सोही कारणले माध्यमिक शिक्षा पुरा गर्न नसकेको वा नसक्ने अवस्था भएमा सम्बन्धित अभिभावक वा संरक्षक बसाईसराई गरी अन्यत्र गएमा र खातावालाको मृत्यु भएमा सम्बन्धित अभिभावक वा संरक्षकलाई रकम भुक्तानीको व्यवस्था मिलाइनेछ ।

(ग) बसाईसराई गरी अन्यत्र गएको अवस्थामा सम्बन्धित अभिभावकले छोरा छोरीको सामुदायिक विद्यालयमा भर्ना गरी १२ कक्षा उत्तीर्ण गरेको प्रमाण पत्र र खातावाला छोरा छोरी सहित उपस्थित भई नगरपालिकामा निवेदन दिनु पर्नेछ । उक्त निवेदन उपयुक्त ठहर भएमा छोरा छोरीको खातामा जम्मा रहेको रकम भुक्तानीको लागि नगरपालिकाले सम्बन्धित सेवा प्रदायक संस्थालाई सिफारिस गर्नेछ ।

(घ) कक्षा १२ उत्तीर्ण गरी स्नातक तह अध्ययन गर्दा २० (बीस) वर्ष उमेर पुरा नगरेको छोरा छोरीको हकमा सम्बन्धित अभिभावक वा संरक्षक र खातावालाले नगरपालिकामा स्नातक तह अध्ययन गर्नका लागि रकम आवश्यक भएको व्यहोरा खोली सम्बन्धित क्याम्पस वा

जीवन खत्री
नगर प्रमुख

विश्वविद्यालयमा भर्ना भएको प्रमाण सहित भविष्यमा बचत खाता छोरा छोरीको सुरक्षा जीवन भरीको कार्यक्रम संचालन कार्यविधि, २०८२ को उल्लंघन नगर्ने र गरेको प्रमाणित भएमा भुक्तानी भएको रकम नगरपालिकाले असुल उपर गर्न अनुसूची-३ बमोजिमको एकाघरको परिवारिक मञ्जुरीनामा संयुक्त निवेदन दिएमा उपयुक्त ठहर भएमा खातावालाको नाममा रहेको रकम भुक्तानीको लागि सम्बन्धित सेवा प्रदायक संस्थालाई सिफारिस गरिनेछ ।

(ङ) खातावाला छोरा छोरी अध्ययनरत रहेको विद्यालयमा हरेक शैक्षिक सत्रको अन्त्यसम्ममा कूल विद्यालय दिनको कम्तिमा ७५ प्रतिशत हाजिरी भएको प्रमाण पत्र पेश गर्नु पर्नेछ ।

(च) संरक्षक बसाईसराई गरी गएमा गएको शैक्षिक सत्रबाट यो सुविधा उपलब्ध गराइने छैन ।

(४) खातावालाको मृत्यु भएमा खातामा जम्मा भएको रकम एकाघरको सबैभन्दा नजिकको व्यक्तिलाई नियमानुसार भुक्तानी गरिनेछ ।

## परिच्छेद - ७
## सेवा प्राप्ती सम्बन्धी व्यवस्था

**१०. सेवा प्राप्त गर्ने:** (१) नगरपालिकाले सेवा प्रदायक संस्थासँग अनुसूची-४ मा उल्लेखित विषयहरु समेत समेटिने गरी सम्झौता गरी कार्यक्रम अन्तर्गत खाता सञ्चालनको सेवा प्राप्त गर्नेछ ।

(२) सम्झौता रद्द हुने: परिच्छेद-७ को (१) बमोझिम नगरपालिका र सेवा प्रदायक संस्था बीच भएको सम्झौता देहायको अवस्थामा रद्द हुनेछ:

(क) सेवा प्रदायकले सम्झौता अनुसार खातावालालाई सेवा प्रदान नगरेमा ।

(ख) सम्झौताका शर्त तथा यस कार्यविधि बमोजिमका व्यवस्थाको पालना नहुनाले कुनै पक्षलाई असुविधा पर्न गएमा सो को जानकारी अर्को पक्षलाई गराई सम्झौता रद्द गर्न कम्तिमा ३५ दिन अगावै लिखित सूचना दिनु पर्नेछ ।

(ग) नगरपालिकाबाट कार्यक्रम खारेज गरिएमा वा कार्यक्रमलाई निरन्तरता दिन नसकिने अन्य कुनै कारण परेमा सम्बन्धित सेवा प्रदायक संस्थालाई जानकारी गराई कुनै पनि समयमा सम्झौता रद्द गर्न सकिनेछ ।

## परिच्छेद - ८
## विविध

**११. अभिलेख तथा प्रतिवेदन:** (१) नगरपालिकाले कार्यक्रममा आवद्ध छोरा छोरीहरुको आधारभूत अभिलेख अनुसूची-५ बमोजिमको ढाँचामा अद्यावधिक गरी राख्नेछ । खातावाला छोरा छोरीहरुको यथार्थ विवरण सम्बन्धित विद्यालयका प्रधानअध्यापकले प्रमाणित गरी वार्षिक रुपमा नगरपालिकाको शिक्षा युवा तथा खेलकुद विकास शाखामा पठाउनु पर्नेछ ।

जीवन खत्री
नगर प्रमुख

(२) सम्बन्धित विद्यालयबाट प्राप्त विवरणको आधारमा कार्यक्रममा आवद्ध छोरा छोरीको नगरपालिका स्तरीय स्वीकृत अभिलेख अद्यावधिक गरी राखिनेछ ।

(३) कार्यक्रमको प्रतिवेदन र अभिलेख लगायतको कार्यलाई व्यवस्थित गर्ने कार्य नगरपालिकाको शिक्षा युवा तथा खेलकुद विकास शाखाले सम्पदान गर्नेछ ।

१२. **अनुगमनः**

(१) कार्यक्रमको अनुगमन संचालक समिति अध्यक्ष वा निजले तोकेको सिमितिको अन्य कुनै सदस्यको संयोजकत्वमा समितिको न्यूनतम थप दुई सदस्य समेत संलग्न रहेको अनुगमन टोली बनाई परिचालन गरिनेछ । खटिएको टोलीले आफुलाई प्राप्त कार्यदिशको आधारमा अनुगमनका क्रममा देखिएका सत्यतथ्य विवरण सहितको प्रतिवेदन समिति समक्ष पेश गर्नु पर्नेछ । पेश भएको प्रतिवेदन उपर कुनै कमी कमजोरी देखिएमा त्यसलाई सुधार गर्न समितिले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१३. **लेखापरीक्षणः** यस कार्यक्रमको लेखापरीक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

१४. **अधिकार प्रत्यायोजनः** यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यकतानुसार नगरपालिकाका मातहतका निकाय वा पदाधिकारीलाई संचालक समितिले आफ्नो तोकिए बमोजिमको कार्य गर्न अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

१५. **वचाउ तथा खारेजी** : बचत खाता छोरीको सुरक्षा जीवन भरीको कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०७७ खारेज गरिएको छ । सो बमोजिम भए गरिएका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

१५. **वाधा अड्काउ फुकाउने तथा संशोधनः** (१) यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्न वाधा अड्काउ परेमा संचालन समितिले प्रचलित कानून बमोजिम त्यस्तो वाधा अड्काउ फुकाउने कार्य गर्न सक्नेछ ।

(२) कार्यविधिमा कुनै संशोधन गर्न आवश्यक भएमा नगरपालिकाको नगर कार्यपालिकाबाट संशोधन गरी लागु गरिनेछ।

**जीवन खत्री**
**नगर प्रमुख**

अनुसूची-१

(परिच्छेद-६ को दफा (६) (१) सँग सम्बन्धित)

**आवद्धताका लागि नगरपालिकामा दिने निवेदनको ढाँचा**

श्री शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखज्यू,
चाँगुनारायण नगरपालिका नगरकार्यपालिकाको कार्यालय,
भक्तपुर ।

विषयः कार्यक्रममा आवद्धता सम्बन्धमा ।

प्रस्तुत विषयमा चाँगुनारायण नगरपालिकाको बचत खाता छोरा छोरीको, सुरक्षा जीवन भरीको कार्यविधि, २०८२ अन्तर्गत कार्यक्रममा सहभागी हुन मञ्जुर भई आवद्धताका लागि यो निवेदन गरेको छु ।

१. छोरा/छोरीको नामः
२. जन्ममितिः
३. जन्मदर्ता नम्बरः
४. जन्मदर्ता मितिः
५. बाबुको नामः
६. आमाको नामः
७. बाजेको नामः

यस कार्यक्रममा सहभागी हुन निम्न शर्तहरु पालना गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

१. म छोरा छोरी पढाउने र माध्यमिक तहको कक्षा १२ (वाह्र) सम्म अध्ययन गराउने प्रतिवद्धता व्यक्त गर्दछु ।
२. प्रचलित कानूनको अधिनमा रही छोरा छोरीको उमेर २० वर्ष पूरा नभएसम्म विवाह गराउने छैन ।
३. कार्यक्रमका कार्यविधि, शर्त, नियम, निर्देशन तथा प्रतिवद्धता बाहिर अन्य कुनै सेवा सुविधाको दावी गर्ने छैन ।
४. म छोरा र छोरी बीच लालनपालन, हेरचाह र संरक्षणमा कुनै असमान व्यवहार गर्ने छैन ।
५. यो कार्यविधि बमोजिमको अवधि वा अवस्था पुरा भएपछि प्राप्त हुने रकम छोरा छोरीको क्षमता विकासका कार्यमा एवं उपल्लो तहको शिक्षा प्राप्त गर्न प्रोत्साहित गरी छोरा छोरीको उज्ज्वल भविष्य निर्माणमा पूर्ण सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।
६. चाँगुनारायण नगरपालिकाले जारी गरेको बचत खाता छोरा छोरीको सुरक्षा जीवन भरीको कार्यक्रम संचालन कार्यविधि, २०८२ को अक्षरसः पालना गर्नेछु ।

जीवन खत्री
नगर प्रमुख

चाँगुनारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खरिपाटी, भक्तपुर
बागमती प्रदेश, नेपाल

७. उपरोक्त शर्त पुरा नभएको अवस्थामा कार्यक्रम अन्तर्गत नगरपालिकाको सिफारिसमा खोलिएको बैंक खाता रोक्का गर्न वा खाता बन्द गरी सो खातामा भएको सम्पूर्ण रकम नगरपालिकाको खाता फिर्ता गर्न सहमती व्यक्त गर्दछु ।

आवेदनमा पेश भएको व्यहोरा र कागजातहरु साँचो हुन् । झुठ्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

| छाप | |
|---|---|
| दायाँ | वायाँ |
| | |

निवेदक
हस्ताक्षरः
नामथरः
ठेगानाः
सम्पर्क नं.:
मितिः

**पेश गर्नुपर्ने कागजातहरुको विवरणः**

१. छोरा छोरीको जन्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि वा नावालक परिचय पत्रको प्रमाणित प्रतिलिपि।
२. अभिभावक वा संरक्षक मध्ये एकको नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
३. छोरा छोरीको पासपोर्ट साईजको फोटो थान - ६ (छ) ।
४. व्यक्ति संरक्षक भएको अवस्थामा व्यक्तिको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र संरक्षकत्व ग्रहण गरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।
५. छोरा छोरी अध्ययनरत रहेको विद्यालयको सम्बन्धित कक्षामा अध्ययनरत रहेको व्यहोरा सहितको प्रधानाध्यापकले प्रमाणित गरेको सक्कल पत्र।
६. संस्था संरक्षक भएमा संस्था दर्ता/नविकरण प्रमाण पत्र, संरक्षकत्व ग्रहण गरेको कागजात तथा नगरपालिकामा उक्त संस्था सूचीकृत भएको हुनु पर्नेछ।

**कार्यालय प्रयोजनका लागिः**

दर्ता मितिः
कार्यक्रममा आवद्ध गराउने निर्णय भएको मितिः
प्रमाणित गर्नेः
नामः
दर्जाः
मितिः

जीवन खत्री
नगर प्रमुख

चाँगुनारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भक्तपुर
बागमती प्रदेश, नेपाल

अनुसूची-२

(परिच्छेद-६ को दफा (६) (२) सँग सम्बन्धित)

## खाता खोल्नका लागि नगरपालिकाले सेवा प्रदायक संस्थामा सिफारिस गर्ने ढाँचा

श्री प्रवन्धकज्यू,

......................................... बैंक लिमिटेड,

......................................... ।

विषयः खाता खोलीदिने बारे ।

प्रस्तुत विषयमा चाँगुनारायण नगरपालिकाको बचत खाता छोरा छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रम अन्तर्गत त्यस बैंकसँग भएको सम्झौता अनुसार देहायको विवरण अनुसारको खाता खोलि दिनुहुन आवश्यक कागजात सहित सिफारिस गरी पठाइएको छ । निजहरुको खाता खोली खाता नम्बर सहितको जानकारी यस कार्यालयमा पठाई दिनुहुन अनुरोध छ ।

देहायः

| क्र.सं. | खातावाला छोरा/छोरीको नाम | जन्ममिति | जन्मदर्ता नं. र दर्ता मिति | अभिभावक वा संरक्षकको नाम | ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

दस्तखतः

नामः

पदः शिक्षा युवा तथा खेलकुद विकास शाखा प्रमुख

जीवन खत्री
नगर प्रमुख

चाँगुनारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खरिपाटी, भक्तपुर
बागमती प्रदेश, नेपाल

अनुसूची-३

(परिच्छेद-६, दफा ९ (३) (घ) सँग सम्बन्धित)

पारिवारिक मञ्जुरीनामाको नमुना

श्रीमान शिक्षा युवा तथा खेलकुद विकास शाखा प्रमुखज्यू ,
चाँगुनारायण नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
खरिपाटी, भक्तपुर ।

विषयः मञ्जुरीनामा सम्बन्धमा ।

हाम्रो परिवारको सदस्य श्री छोरा/छोरी ........................................को नाममा अभिभावक वा संरक्षकको तर्फबाट चाँगुनारायण नगरपालिकाको "बचत खाता छोरा छोरीको, सुरक्षा जीवन भरीको" कार्यक्रम संचालन कार्यविधि-२०८२ अनुसार तोकिएको शर्त बमोजिम कार्यक्रममा आवद्ध भई चाँगुनारायण नगरपालिकाबाट छोरा / छोरीको नाममा बैंक खातामा जम्मा भएको रकमप्रति हामी आभार तथा धन्यवाद ज्ञापन गर्दछौं । हाम्रा छोरा /छोरीले कक्षा १२ उत्तीर्ण गरेका तर उमेर २०(बीस) बर्ष पुरा भएको छैन् । उ/उनी स्नातक तहमा भर्ना भई अध्ययन सुचारु गर्न ईच्छुक रहेका/रहेकी तर अध्ययनका लागि रकमको अभाव परेकाले जम्मा भएको खातावाला छोरा/ छोरीको नाममा भुक्तानीको व्यवस्था मिलाई दिन यो निवेदन पेश गरेका छौं । अनुगमनको क्रममा शर्त उल्लंघन गरेको ठहर भएमा नियमानुसार तिर्नुपर्ने साँवा, ब्याज, किस्ता, जरिवाना एकमुष्ट रुपममा हामी एकाघरका परिवारका सदस्यहरुले तिर्न राजिखुसी छौं ।साथै उक्त रकम तिर्न नसकेमा हामी एकाघरका सगोल परिवारको चल,अचल,जाय, जेथाबाट कट्टा गरी लिएमा पछि कुनै किसिमको उजुर वाजुर दावी विरोध गर्ने छैनौं । यदि सो कार्य गरेमा यसै मञ्जुरीनामा बमोजिम वदर गरी कानुन बमोजिम भएमा हामी मञ्जुर छौं भनी यो मञ्जुरीनामा लेखी लेखाई सहि छाप गरिदियौं ।

छोरा/छोरीको खाता रहेको बैंक तथा खाता नं. ..........................................................

तपसिल

| क्र.स. | नामथर | ठेगाना | नाता | दस्तखत | दा.वा. ल्याप्चे |
|---|---|---|---|---|---|
| | | | | | |

(मञ्जुरी नामा दिनेहरुले आफ्नो नागरिकताको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।)

रोहवर :
हस्ताक्षर :
नामथरः
पदः छापः मितिः
ईति सम्बत्.........साल .........महिना...........गते रोज .........शुभम्.........१

जीवन खत्री
नगर प्रमुख

चाँगुनारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खरिपाटी, भक्तपुर
बागमती प्रदेश, नेपाल

अनुसूचि-४

**(परिच्छेद ७ को १० (१) सँग सम्बन्धित)**

**नगरपालिका र सेवा प्रदायक संस्थाबीच हुने सम्झौतामा खुलाउनु पर्ने विषयहरु:**

१. सम्झौताको अवधि : कार्यविधि बमोजिम रद्द नहुँदासम्म ।

२. खाता खोल्दा न्यूनतम मौज्दात : शून्य मौज्दात

३. ब्याजदर : नेपाल राष्ट्र बैंकले निर्धारण गरेको सीमा भित्र दिन मिल्ने उच्चतम दर ।

४. बीमा: कार्यक्रम अन्तर्गत खोलिएका खातामा रहेको बचत रकम कुनै पनि अवस्थामा जोखिममा नपर्ने व्यवस्था ।

५. थप बोनस वा अन्य कुनै लाभ : खातामा मौज्दात रहने रकमको ब्याजका अतिरिक्त थप बोनस वा अन्य कुनै लाभ दिन सक्ने भए सो उल्लेख गर्नुपर्ने ।

६. नगद वा सामग्री सहयोग : सेवा प्रदायक संस्थाले अध्ययनरत छोरा छोरीहरुको लागि उपलब्ध गराउन सक्ने छात्रबृत्ति (नगद वा सामग्री) सम्भव भएसम्म ।

७. सेवा शुल्क : रकम जम्मा गर्ने / झिक्ने लगायतका अन्तर बैंक सेवा लिंदा शुल्क नलाग्ने व्यवस्था गर्ने।

८. सूचना आदान प्रदान तथा खातामा रकम जम्मा सम्बन्धी : बैंकले खाता खुलेको जानकारी लगायतका सूचना सम्बन्धित खातावाला र नगरपालिकालाई समयमै उपलब्ध गराउने र नगरपालिका खोलेको खाताबाट वार्षिक रुपमा नगरपालिकाको सोधभर्ना सम्बन्धी पत्रका आधारमा खातावालाको खातामा रकम जम्मा गरिदिने ।

९. अन्य विषयहरु आपसी सहमतिमा तय गरिनेछ ।

जीवन खत्री
नगर प्रमुख

अनुसूचि-५
(परिच्छेद ८ को दफा ११(१) सँग सम्बन्धित)
**नगरपालिकाले राख्ने अभिलेख ढाँचा**

चाँगुनारायण नगरपालिका नगरकार्यपालिकाको कार्यालय, भक्तपुर ।
बचत खाता छोरा छोरीको सुरक्षा जीवन भरीको
कार्यक्रम अभिलेख ढाँचा
(हरेक वर्षको कक्षागत हिसावले व्यक्तिगत फाइल बनाई अद्यावधिक गर्ने)

खातावाला छोरा छोरीको अभिभावक वा संरक्षकको नामथर :
ठेगाना : सम्पर्क फोन: इमेल:
छोरा छोरी अध्ययनरत रहेको विद्यालयको नाम, ठेगाना :
कक्षा: शैक्षिक सत्र (मिति सहित): सेक्सन : रोल नं:

| साल / महिना / गते (सबै महिना उल्लेख गर्ने) | खातावाला छोरा छोरीको नाम | जन्ममित | जन्म दर्ता नं. र दर्ता मिति | ठेगाना | खाता खोलेको बैंकको नाम/ठेगाना | बैंक खाता नं.र पठाईएको रकम | खाताको अवधि पुग्ने मिति | खाता खोलेको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अन्य केही भए:
प्रमाणित गर्ने
हस्ताक्षर:
नामथर:
पद : शिक्षा युवा तथा खेलकुद विकास शाखा प्रमुख
मिति:

जीवन खत्री
नगर प्रमुख